लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
तानसेन, पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

अनुसची-२२

## सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/१२/११

आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखित कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८२/१२/२५ गते सम्म) यस कार्यालयमा तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी/ वेवसाईट (akcpalpa.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०७५-५२०२९४, ९८५७०६५००६, ९८५७०६५२९४ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्याहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र. सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १. | कृषि उपज संकलन केन्द्र निर्माण/ स्तरोन्नती | • संकलन केन्द्र निर्माण/सुधार/स्तरोन्नती<br>• निर्मित बजारहरुको हकमा बजार व्यवस्थापन सम्बन्धी उपकरण तथा सामग्री तथा अन्य आवश्यक सेवाहरु | • कृषक समूह/सहकारी/बजार सञ्चालक समिति सहभागी हुन सक्ने,<br>• संकलन केन्द्रको हकमा पहाडी जिल्लाहरुमा न्यूनतम १ रोपनी र तराइका जिल्लाहरुमा न्यूनतम ३ कठ्ठा क्षेत्रफल हुनुपर्ने,<br>• नयाँ संरचना निर्माणको हकमा प्रस्तावक स्वयंको नाममा जग्गाको स्वामित्व हुनुपर्ने<br>• प्रस्ताव पेश गर्दा सम्बन्धित स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ | रिब्दिकोट गा.पा-२ देउराली | कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ अनुसार |

नोटः उल्लेखित कार्यक्रमहरुको लागि तोकिएको अनुदान तथा अन्य व्यवस्था कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि २०८२ तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशबाट प्राप्त निर्देशन तथा मार्गदर्शन बमोजिम हुने ।

२०८२/१२/११

अमिता पाण्डे
कार्यालय प्रमुख

अमिता पाण्डे
कार्यालय प्रमुख

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
तानसेन, पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

संलग्न गर्नु पर्ने कागजातहरु:

१. प्रस्तावकको निवेदन।( अनुसूची बमोजिम)
२. दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनि/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) ( अनुसूची २४ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र) । जग्गा

२०८२।१२।११

अमिता पाण्डे
कार्यालय प्रमुख

अमिता पाण्डे
कार्यालय प्रमुख